श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं. ९८४

मिति:२०७७।१०।०५

श्री उच्च अदालतहरु सबै।
श्री इजलास सबै।
श्री अस्थायी इजलास सबै।
श्री प्रशासकीय अदालत।
श्री न्यायाधिकरणहरु सबै।
श्री विशेष अदालत।
श्री श्रम अदालत।
श्री फैसला कार्यान्वयन निर्देशनालय।
श्री जिल्ला अदालत सबै।

विषयः फैसला कार्यान्वयन सम्बन्धी परिपत्र।

प्रस्तुत विषयमा न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१) को रणनीतिक उद्देश्य १.५ मा फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउने उल्लेख भई सो कार्यलाई विभिन्न उदेश्यहरु र क्रियाकलापहरु मार्फत दिशानिर्देश गरिएको विषय सर्वविदितै छ। नयाँ संहिताहरु लागु भए पश्चात अदालतबाट हुने फैसला कार्यान्वयनका सन्दर्भमा कानूनी एवम् कार्यविधिगत काम कारवाहीहरुमा द्विविधा र विविधता उत्पन्न हुन गएको गुनासो सुनिने गरेकाले फैसला कार्यान्वयनलाई थप प्रभावकारी एवम् दुरुस्त बनाई रणनीतिक योजनामा तोकिए बमोजिमको उद्देश्यहरु समयमै हाँसिल गर्न त्यस्ता द्विविधा र कठिनाईहरुको निराकरण गरी कार्यविधिगत एकरुपता कायम गर्न तथा फैसला कार्यान्वयनको कार्यलाई थप प्रभावकारी बनाउन यसका संस्थागत एबम् व्यवस्थापकीय सुधारका सम्बन्धमा देहायबमोजिम गर्नु गराउन हुन मिति २०७७।१०।०५ को निर्णयअनुसार अनुरोध गर्दछु।

<u>देहायः</u>

१. जिल्ला अदालत नियमावली, २०७५ अनुसूची -१ मा तहसिल तर्फ विगो/क्षतिपुर्ति फाँट, असूल तहसिल फाँट र दशी अभिलेख फाँट गरी तीन वटा फाँटहरुको व्यवस्था भएकोमा कामको प्रकृति र कार्यबोझ बढी भएका अदालतहरुमा दण्ड जरिवानाको लगत अद्यावधिक तथा संहिता कानुन बमोजिम राख्नु पर्ने विभिन्न प्रकारका लगतको व्यवस्थापन गर्न थप फाँटको व्यवस्था गर्न सकिने व्यवस्था जिल्ला अदालत नियमावली, २०७५ को नियम ७(३) मा भए अनुरुप स्वीकृत दरवन्दी संरचना अनुसार जिम्वेवारी तोकी तहसिल तर्फको मूलभूल कार्यहरु सञ्चालनार्थ आवश्यक फाँट गठन गर्ने व्यवस्था गर्नु हुन,
२. अदालतले नियमानुसार कुनै लिखत दर्ता गर्दा कैद, जरिवाना तथा सरकारी विगोको लगत भए नभएको सम्बन्धमा सबै अदालतहरुले लगतको एकीकृत सफ्टवेयर मार्फत भिडाई हेर्ने व्यवस्था गर्नु होला,

श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

सर्वोच्च अदालत
काठमाडौं

रामशाहपथ, काठमाडौं
:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.व.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

३. मुद्दाको अन्तिम फैसला बमोजिम नगद धरौटी/बैंक ग्यारेन्टी सदरस्याहा/जफत तथा जेथा लिलाम गरी सदरस्याहा गर्ने कार्यलाई अभियानको रुपमा संचालन गर्ने व्यवस्था मिलाउनु हुन,

४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिम पुनरावेदन सुन्ने अदालतले पुनरावेदन दर्ता गर्दाकै अवस्थामा लिएको नगद धरौटी, बैंक ग्यारेन्टी वा जेथा जमानीको विवरण मातहत लगत रहेको अदालतमा अनिवार्य रुपमा पठाउने र सो विवरण एकिकृत लगत सफ्टवेयरमा अनिवार्य रुपमा प्रविष्ट गर्नु गराउनु हुन,

५. देवानी तथा दुनियावादी फौज्दारी मुद्दामा तहसिल तर्फ विगो भरी भराउ गर्ने सम्बन्धमा दुवै पक्षवीच घरसारमा लिनु दिनु भएमा फैसला कार्यान्वयन दस्तुर लिने गरी र भरी भराउको क्रममा मेलमिलाप ऐन, २०६८ बमोजिम मेलमिलाप केन्द्र मार्फत तहसिल शाखामा मिलापत्र भएमा कार्यान्वयन दस्तुर नलिने गरी कार्यविधिगत प्रवन्ध गर्नु हुन,

६. देवानी मुद्धामा फैसला कार्यान्वयन गर्न मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा २३६ वमोजिम जित्ने पक्षले म्याद वा तारिख गुजारी थाम्ने म्याद नाघेको मितिले फैसला कार्यन्वयनको लागि निवेदन दिने अधिकतम् म्याद एक वर्ष मात्र रहेकोले फैसला कार्यान्वयनलाई शिघ्र र प्रभाबकारी बनाउन सोही कानुनी व्यवस्था बमोजिम गर्नु हुन,

७. फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन कैद, जरिवाना वा सरकारी विगो लगायतको लगत रहेको जिल्ला अदालत भन्दा अर्को जिल्लामा मानिस पक्राउ परी लगत माग गरेको अवस्थामा लगत रहेको जिल्ला अदालतले त्यस्तो व्यक्तिको लगत माग गर्ने अदालतमा पठाई आफ्नो लगत कट्टा गर्नु हुन,

८. फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउन उच्च अदालत/ईजलास अस्थायी ईजलासहरुमा समेत फैसला कार्यान्वयन तर्फको कामकारबाहीको चुस्त दुरुस्त अनुगमन गर्ने प्रयोजनार्थ फैसला कार्यन्वयन अनुगमन शाखा स्थापना गर्नु हुन,

९. न्यायपालिकाको चौथो पन्चवर्षिय रणनीतिक योजनाको रणनीतिक उद्देश्य १.५(ङ) ले निर्दिष्ट गरेबमोजिम फैसला कार्यान्वयनलाई थप प्रभावकारी बनाउन जिल्ला तथा उच्च अदालतहरुको मानविय स्रोत, भौतिक तथा आर्थिक स्रोतको परिचालन गर्दा यथोचित महत्व र प्राथमिकता निर्धारण गर्दै फैसला कार्यान्वयन निर्देशनालयबाट जिल्ला अदालतका तहसिलदारहरुलाई उपलब्ध गराईएको स्थायी मोबाईल नम्बरको नियमित प्रयोगको प्रवन्ध गर्नु हुन,

श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎:४२००७२९, ४२००७२८
४२००७५०
फ्याक्स : ४२००७४९
पो.ब.नं.२०४३८
Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति :
च.नं.

१०. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वन) ऐन, २०७४ को दफा ५ बमोजिम घटि सजाय हुने गोबध, ठगी जस्ता विषय प्रस्तुत ऐन लागू हुनु अघि फैसला भएका मुद्दाहरुको हाल फैसला कार्यान्वयन गर्दाका बखत कानुन बमोजिम सजाय घटि गर्ने अधिकारक्षेत्रको प्रयोग गर्ने विषयमा फैसला कार्यान्वयन निर्देशिका, २०७५ को नियम ४२ बमोजिम तहसिलदारले न्यायाधीश समक्ष पेश गर्नु हुन,

११. न्यायपालिकाको चौथो पन्चवर्षिय रणनीतिक योजनाको रणनीतिक उद्देश्य १.५(ङ) ले निर्दिष्ट गरेबमोजिम जिल्ला अदालत नियमावली, २०७५ को नियम ८७ को व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने प्रयोजनार्थ अदालतको दण्ड जरिवाना असूल उपर हुन बाँकी भई लगत रहेका व्यक्तिहरुलाई अवधि तोकी यथासिघ्र आफूले तिर्न बुझाउन आउनु र सो सूचनाको बर्खिलाप ढिलासुस्ती गरेमा त्यस्ता व्यक्तिहरुको व्यक्तिगत विवरण सार्वजनिक गर्ने गरी सूचना प्रकाशित गर्ने व्यवस्था गर्नु हुन,

१२. आफ्नो फैसला आफैं कार्यान्वयन नगर्ने विशेष अदालत/न्यायाधीकरण/वाणिज्य ईजलासहरुबाट भएको फैसला कार्यान्वयनको कार्यमा जटिलता नआओस र फैसला कार्यान्वयनको कार्यलाई प्रभावकारी बनाउन फैसलाले तय गरेको कार्यान्वयन गर्न मिल्ने कैद, दण्ड जरिवाना, सरकारी बाँकी, र क्षतिपुर्तिको लगतलाई व्यवस्थित गर्ने प्रयोजनार्थ सम्बन्धित फैसला गर्ने अदालत वा न्यायाधीकरणले त्यस्तो लगत एकिन गरी लगतको अभिलेख राख्ने प्रबन्ध गर्नुका साथै फैसला कार्यान्वयनका लागि सम्बन्धित जिल्ला अदालतमा लगत पठाई त्यस्ता जिल्ला अदालतबाट लगत कसेको जानकारी प्राप्त भए पश्चात मात्र आफ्नो अदालतको लगत किताबमा सो व्यहोरा जनाउने गर्नु हुन।

२०७७/११/०५

नीतिज राई
शाखा अधिकृत

बोधार्थः
श्री मुद्दा तथा रिट महाशाखा।
श्री फैसला कार्यान्वयन निर्देशनालय।